आकाशवाणी समाचार

National News Bulletin June 27, 2024

सुरुमा प्रमुख समाचार:

- राष्ट्रपतिद्वारा संसदका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन
- राष्ट्रपतिको सम्बोधनप्रति विपक्षी दलहरूको विभिन्न प्रतिक्रया र आलोचना
- संसदका दुवै सदनमा राष्ट्रपतिको भाषणको प्रतिलिपि प्रस्तुत, श्री राहुल गान्धीलाई तल्लो सदनमा विपक्षी नेताका रूपमा मान्यता दिइएको घोषणा
- नीट परीक्षा अनियमितताका आरोपमा सी.बी.आई-द्वारा दुई जना गिरफ्तार
- भारतीय मूलकी अन्तरिक्ष यात्री सुनिता विलियम्सको पृथ्वी फिर्तीमा फेरि ढिलाइ

President Address

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज संसदका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभयो। राष्ट्रपतिको सम्बोधनपछि दुवै सदनमा धन्यवाद प्रस्ताव प्रस्तुत गरियो, जसमा सदस्यहरूले छलफलमा भाग लिए। श्रीमती मुर्मुले आफ्नो सम्बोधनमा पेपर लिक प्रकरणको निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाही गर्न सरकार प्रतिबद्ध रहेको र देशव्यापी यस्ता घटना रोक्न दलीय राजनीतिबाट माथि उठेर ठोस कदम चाल्न जरुरी रहेको बताउनुभयो। उहाँले अझ भन्नुभयो, जम्मू-कश्मीरले हालै सम्पन्न लोकसभा चुनावमा रेकर्ड मतदान दर्ता गरेर देशका शत्रुहरूलाई उचित जवाफ दिएको छ। उहाँले १० वर्षमा मुलुक ११ औँ स्थानबाट माथि उठेर पाँचौँ ठूलो अर्थव्यवस्था बनेको, विश्वका विभिन्न भागमा महामारी र द्वन्द्वका बाबजुद देशले यो उपलब्धि हासिल गरेको, सरकारले देशलाई विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बनाउने काम गरिरहेको, राष्ट्रीय राजमार्ग दुईगुना बढेको, पछिल्लो दस वर्षमा चार करोड पी.एम. आवासमध्ये अधिकांश आवास महिला लाभार्थीहरूलाई आवन्टन गरिएको, रक्षा र कृषि क्षेत्रमा सुधार भएको, नयाँ कलेज र डिजिटल विश्वविद्यालको निर्माण गरिएको, खेलकुद विस्तार र सुधारका दिशामा पहलहरू गरिएको अनि देशको संविधान यसको सुरुवाती कालदेखि नै विभिन्न

आक्रमणमा परेको उल्लेख गर्नुभयो।

## Prez Address-Reaction

राष्ट्रपतिको सम्बोधनप्रति विपक्षी दलहरूले प्रतिक्रिया जनाउँदै आलोचना गरेका छन्। सञ्चारकर्मीसँग कुरा गर्दै कांग्रेस सांसद श्री तारिक अनवरले यस सम्बोधनमा गरिबी, महँगी, बेरोजगारीलगायतका वास्तविक मुद्दालाई बेवास्ता गरी सरकारका उपलब्धिहरू मात्रै उजागर गरिएको बताउनुभयो। अर्का कांग्रेस नेता श्री प्रमोद तिवारीले भन्नुभयो, यस सम्बोधनमा कुनै नयाँ कुरा र NEET को कथित अनियमितताबारे कुनै उल्लेख थिएन। समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादवले सरकार विश्वको पाँचौँ ठूलो अर्थव्यवस्था भएको बताइएको छ तर अहिले बेरोजगारी व्यापक स्तरमा छ, किसान पीडामा छन् तर थोरै चयनित व्यक्तिहरूले मात्रै फाइदा उठाइरहेका छन् भन्नुभयो। उहाँले अग्निवीर योजनाको कार्यान्वयनलाई लिएर पनि सरकारप्रति कटाक्ष गर्नुभयो। तृणमूल कांग्रेसका सांसद सुश्री महुआ मोइत्राले राष्ट्रपतिको सम्बोधनप्रति प्रश्न उठाउँदै यो सरकारी दस्तावेज मात्र साबित भएको दाबी गर्नुभयो।

## Parliament proceedings

संसदका दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले दिएको सम्बोधनको प्रतिलिपि आज लोकसभामा प्रस्तुत गरियो। राष्ट्रपतिको सम्बोधनपछि दिउँसो सदनको कार्यवाही सुरु हुँदा यो प्रति सदनमा पेस गरिएको हो। कार्यवाहीको क्रममा, अध्यक्ष श्री ओम बिरलाले कांग्रेस सांसद श्री राहुल गान्धीलाई तल्लो सदनमा विपक्षी नेताका रूपमा मान्यता दिइएको पनि घोषणा गर्नुभयो। त्यसपछि, सदनको कार्यवाही दिनभरका लागि स्थगित गरिएको थियो। राष्ट्रपतिको सम्बोधनको प्रतिलिपि राज्यसभामा पनि प्रस्तुत गरियो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नवगठित केन्द्रीय मन्त्रिपरिषद्का सदस्यहरूलाई माथिल्लो सदनको परिचय गराउनुभयो। अध्यक्ष श्री जगदीप धनखरले केन्द्रीय मन्त्री श्री जेपी नड्डालाई सदनका नेता नियुक्त गरिएको घोषणा गर्नुभयो। पछि, सदनको कार्यवाही दिनभरका

लागि स्थगित गरिएको थियो।

NEET-Arrested

NEET परीक्षामा अनियमितता गरेको आरोपमा केन्द्रीय अनुसन्धान ब्यूरो CBI-ले दुई जनालाई पक्राउ गरेको छ। आधिकारिक स्रोतका अनुसार यी दुवै अभियुक्तलाई बिहारको पटनाबाट पक्राउ गरिएको हो। CBI ले आधिकारिक रूपमा NEET प्रश्नपत्र लीक प्रकरणमा अनुसन्धान गरिरहेको छ। CBI ले सोमबार बिहार पुलिसको आर्थिक अपराध एकाइको कार्यालय पुगी यस मामिलामा जाँच थालेको छ।

ASTRONAUT-DELAYED

भारतीय मूलकी अन्तरिक्ष यात्री सुनिता विलियम्स सवार अन्तरिक्ष यान बोइङ स्टारलाइनर-मा प्राविधिक गडबढी देखिएपछि उनको पृथ्वी फिर्तीको निर्धारित समय फेरि ढिलो भएको छ। 5 जूनमा पृथ्वी छोडेका यी अन्तरिक्ष यात्री एक साता अन्तरिक्षमा बसेपछि जून १४ मा फर्किने तय भएको थियो। यद्यपि, उनको फर्कने मिति ढिलो भई जून २६ तोकिएको थियो। अहिले नासाले उनको फिर्तीको नयाँ मिति खुलाएको छैन। प्राप्त रिपोर्टअनुसार, स्टारलाइनर अन्तरिक्ष यानमा पाँचवटा हेलियम चुहावट पत्ता लागेपछि र यसका २८ थ्रस्टरहरूमध्ये पाँच वटामा समस्या देखिएपछि अन्तरिक्ष एजेन्सीले विलियम्सको अन्तरिक्ष स्टेशनमा बसाइ बढाएको छ। सुरक्षित फिर्तीका लागि कम्तिमा 14 थ्रस्टरहरू चाहिन्छ।

House Oath

बिहार, झारखण्ड र मध्य प्रदेशका छ जना नवनिर्वाचित सांसदहरूले आज राज्यसभा सदस्यका रूपमा

शपथ लिए। राज्यसभा अध्यक्ष श्री जगदीप धनखरले यी नयाँ सांसदहरूलाई सपथ गराउनुभयो। कांग्रेस सांसद अखिलेश प्रसाद सिंह, झारखण्ड मुक्ति मोर्चाका डा. सर्फराज अहमद र भारतीय जनता पार्टीका प्रदीप कुमार वर्मा, श्रबंशीलाल गुर्जर, माया नरोलिया र बालयोगी उमेशनाथले सदनका सदस्यका रूपमा सपथ लिए।

## One Health Consultation

नीति आयोग सदस्य डा. वी.के. पलले आज नयाँ दिल्लीमा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका सचिव श्री अपूर्व चन्द्रका उपस्थितिमा दुई दिने कार्यशालाको उद्घाटन गर्नुभयो। कार्यशालाको शीर्षक 'भारतमा वान हेल्थ गतिविधिका लागि कानुनी पर्यावरण आँकलनमा राष्ट्रिय परामर्श' रहेको छ। कार्यशालाको उद्देश्य कैयौं विषयमा चर्चा गर्नु हो। यसमा वान हेल्थ गतिविधिहरूलाई असर गर्ने विद्यमान कानुन र नियमहरूको मजबुती, अन्तराल र अतिव्यापनको पहिचान गर्नेसम्बन्धी वर्तमान कानुनी ढाँचाको आँकलन गर्नु समावेश छ। कार्यशालामा कानुन तथा न्याय मन्त्रालयका सचिव, पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयका सचिव, यू.एन.डी.पी भारतका प्रतिनिधि तथा अन्य हितधारकहरूको पनि सहभागिता रहेको थियो।

## Advani-hospitalized

भारतीय जनता पार्टीका वयोवृद्ध नेता श्री लालकृष्ण आडवाणीलाई दिल्लीको एम्समा भर्ना गरिएको छ। बढ्दो उमेर सम्बन्धी स्वास्थ्य समस्याका कारण उहाँलाई अस्पताल भर्ना गरिएको हो। ९६ वर्षीय श्री आडवाणीलाई एम्सको जेरियाट्रिक विभागमा डाक्टरहरूको निगरानीमा राखिएको छ। एम्सका एक अधिकारीले श्री आडवाणीको अवस्था स्थिर रहेको र उहाँ चिकित्सकका निगरानीमा रहेको जानकारी दिएका छन्।

## US Open Badminton

भारतका प्रियांशु राजावत र माल्भिका बन्सोड टेक्सासमा जारी यु.एस ओपन ब्याडमिन्टनको प्रिक्वार्टरमा पुगेका छन्। राजावतले पुरुष एकल चरण-३२ मा चेक गणतन्त्रका जान लाउडलाई २१-१६, २१-१६ ले हराए। प्रिक्वार्टरमा आज राति राजावतले ताइवानका ह्वाङ यु काईसँग खेल्नेछन्।

महिला एकलको पहिलो चरणमा माल्भिकाले इस्टोनियाकी क्रिस्टिन कुवालाई २१-१४, २१-१५ को सोझो सेटमा पराजित गरिन्। उनले प्रिक्वार्टरमा चेक गणतन्त्रकी तेरेजा स्वाबि-कोभासँग खेल्नेछिन्। पुरुष युगलमा साई प्रतीक र कृष्णप्रसाद गार्गाको जोडीले स्कट गिल्डिया र पल रेनोल्ड्सको आयरिश जोडीलाई २१-१४, २१-१२ ले पराजित गर्दै प्रिक्वार्टरमा प्रवेश गरेका छन्। भारतीय जोडीले अब अमेरिकाका पिटर स्मिथ र चेन झी यीको सामना गर्नेछ। महिला युगलमा आज राति चरण १६ मा ट्रिसा जोली र गायत्री गोपीचन्दको अर्को भारतीय जोडीले चाइनिज ताइपेईका पी सियेह र ई. हङसँग प्रतिस्पर्धा गर्नेछन्।

## Chess

सुपरबेट चेस क्लासिकमा, डी. गुकेशले हिजो रोमानियामा सम्पन्न खेलमा विजयी सुरुवात गरेका छन्। उनले पहिलो चरणमा बोग्दान-डैनियल डिकलाई पराजित गरेका छन्। यसैबीच आर. प्रज्ञानन्द र उज्बेक ग्रान्डमास्टर नोदिरबेक अब्दु-सात्तोरोभबीचको खेल बराबरीमा सकिएको छ। दुवैलाई आधा-आधा अङ्क प्राप्त भयो। गुकेशले अहिले अमेरिकी ग्रान्डमास्टर फाबियानो कारुआनासँग प्रतियोगिताको सह-नेतृत्व गरिरहेका छन्। दुवै जना पहिलो चरणमा विजयी भएका थिए।

अन्त्यमा प्रमुख समाचार पुन: एकपटक

- राष्ट्रपतिद्वारा संसदका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन
- राष्ट्रपतिको सम्बोधनप्रति विपक्षी दलहरूको विभिन्न प्रतिक्रया र आलोचना

- संसदका दुवै सदनमा राष्ट्रपतिको भाषणको प्रतिलिपि प्रस्तुत, श्री राहुल गान्धीलाई तल्लो सदनमा विपक्षी नेताका रूपमा मान्यता दिइएको घोषणा
- नीट परीक्षा अनियमितताको आरोपमा सी.बी.आई-द्वारा दुई जना गिरफ्तार
- भारतीय मूलकी अन्तरिक्ष यात्री सुनिता विलियम्सको पृथ्वी फिर्तीमा फेरि ढिलाइ